**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 04.04.2025**

- **Awareness on Gynae**

महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागले आज मंगनको जिल्ला प्रशासनिक केन्द्रमा छोरी बचाउँ छोरी पढ़ाउँ पहलअन्तर्गत प्रजनन र स्त्री रोग विषयमा जागरूकतामूलक कार्यक्रम आयोजन गऱ्यो।
कार्यक्रमकी मुख्य वक्ता IVF, प्रसूति तथा स्त्री रोगकी वरिष्ठ विशेषज्ञ डाक्टर बन्धना प्रधानले प्रजनन जागरूकता र प्रजनन स्वास्थ्यको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, पति, पत्नीको स्वास्थ्य जाँचको समयमा साथमा रहेको खण्डमा उनलाई भावनात्मक सहयोग प्राप्त हुनका साथै दुवैलाई अन्तर्निहित समस्या राम्रोसँग बुझ्न सहयोग मिल्नेछ। उहाँले गर्वाधानका सामान्य चुनौतीहरू, उपचारका उपलब्ध विकल्प, अण्डा संरक्षणको महत्त्व र प्रजनन-सम्बन्धित समस्या भएका दम्पतीलाई वात्सल्य योजनाको लाभ सम्बन्धमा पनि चर्चा गर्नुभयो।
यसअघि मंगनका जिल्लाधीश अनन्त जैनले सिक्किममा घट्दो प्रजनन् दरमाथि चिन्ता व्यक्त गर्दै यस मुद्दालाई सम्बोधन गर्न विभागले गरेको पहलको सराहना गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Meeting On Drug Abuse**

मंगन नगर पञ्चायतको सम्मेलन कक्षमा आज संयुक्त कार्ययोजनाअनुसार बालबालिकामा लागुऔषध र मादक पदार्थ सेवनमा रोकथाम सम्बन्धमा व्यापारी संघ र व्यवसायी समुदायलाई लिएर बैठक बस्यो।
मंगन नगर पञ्चायत, आबकारी विभाग, जिल्ला बाल सुरक्षा एकाई, वात्सल्य योजना र महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागद्वारा संयुक्त रूपमा आयोजित बैठकमा मंगनका जिल्लाधीश अनन्त जैन विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।
उहाँले युवाहरूमा बढ्दो लागुपदार्थको दुरुपयोगलाई सम्बोधन गर्न कानुनको कड़ा कार्यान्वयन र व्यापक जनचेतनाको आह्वान गर्नुभयो। श्री जैनले औषधी, सुर्तीजन्य पदार्थ र मादक पदार्थका दोकानहरूमा CCTV-को निगरानीका लागि निरीक्षण गर्ने निर्देश दिँदै यी दोकानहरूमा नाबालकलाई बिक्रीमा निषेधका बोर्ड राख्नुपर्ने कुरामा जोड दिनुभयो।
---------------------------------------X---------------------------------------

- **NCORD Meeting**

नशालुपदार्थ विरूद्धको लड़ाइलाई सशक्त पार्ने एउटा ठोस प्रयासमा, यसको ओसारपसार र दुरुपयोग विरुद्ध वर्तमान नीतिको मूल्याङ्कन र रणनीतिक उपायहरू अभिवृद्धि गर्न हिजो राज्यस्तरीय नार्को समन्वय समितिको बैठक बस्यो।

मुख्य सचिव रविन्द्र तेलाङको अध्यक्षतामा बसेको बैठकमा नार्को समन्वय समितिका सदस्यसहित विभिन्न विभागका सचिवगणको उपस्थिति थियो।

बैठकमा निकायहरूबीच समन्वय, सूचना आदानप्रदान र संयुक्त कार्यान्वयन, कानुनी रूपरेखाको सशक्तिकरण लगायत अन्य विषयमाथि चर्चा भयो। यसका साथै प्रभावकारी दोषसिद्धि दर हासिल गर्न विद्यमान सिक्किम नशालुपदार्थ निरोधक ऐन (SADA) २००६-मा समावेश गर्नुपर्ने केही संशोधनबारे पनि छलफल गरियो।

मुख्य सचिवले नशालुपदार्थ ओसारपसार विरूद्ध चलिरहेको प्रयासलाई व्यापक बनाउन सकिने उपायबारे मार्गचित्र तयार पार्नुभयो। राम्फू, मेल्ली र सिङताम जस्ता संवेदनशील क्षेत्रहरूमा अझ अधिक अधिकारीहरूलाई न्यायिक अधिकार प्रदान गर्ने विषयमा छलफल भयो, ताकि महकुमा अधिकारीहरूको उपस्थितिमा नशालु पदार्थ जफ्त गर्नका साथै अभियोजनलाई प्रभावकारी बनाउने कुराको सुनिश्चित गर्न सकियोस्।

---------------------------------------X---------------------------------------

- **Trekking Expedition**

सिक्किम सरकारको पर्यटन एवं नागरिक उड्डयन विभागले पर्यटन विषयमा अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि आयोजना गरेको अनुभवात्मक पदयात्राको पहिलो चरणको कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। यो यात्रा विश्व सम्पदा सूचीमा रहेको कञ्चनजङ्घा राष्ट्रिय निकुञ्ज (KNP)-भित्र पर्ने जोङग्री पदमार्गमा भएको थियो। सिक्किम: जहाँ प्रकृति मुस्कुराउँछ भन्ने नाराका साथ शुरू भएको कार्यक्रमको उद्देश्य साहसिक पर्यटन, आतिथ्य व्यवस्थापन र पर्यावर संरक्षण सम्बन्धी व्यावहारिक प्रशिक्षण प्रदान गर्नु हो। विभागीय अधिकारीकाअनुसार यो कार्यक्रम राज्य गठनको पचास वर्षको अवसरमा आयोजना गरिएको हो।

साहसिक पदयात्रा कार्यक्रमको पहिलो चरणमा राज्यभरिका विभिन्न सरकारी महाविद्यालयबाट पचासजना विद्यार्थीहरूले भाग लिए। यसरी नै दोस्रो चरणमा अन्य पचासजना विद्यार्थी सहभागी बन्नेछन्।

पाँच दिनको यो यात्रा पर्यटन एवं नागरिक उड्डयन विभागको सहासिक प्रकोष्ठले भारतीय हिमाली साहसिक तथा पर्या-पर्यटन केन्द्र, चेम्चेसितको सहकार्यमा आयोजना गरिएको हो, जसमा योक्सम पर्यटन विकास समितिले लजिस्टिक सहयोग प्रदान गरेको थियो।

---------------------------------------X---------------------------------------

- **Sports**

सिक्किम क्रिकेट संगठनले पहिलोपल्ट उत्तरपूर्वी क्रिकेट विकास परिषदअन्तर्गत वरिष्ठ महिला अन्तर राज्य प्रतियोगिताको दोस्रो संस्करणको आयोजना गरिरहेछ। छ अप्रेल आइतबारदेखि माइनिङस्थित सिक्किम क्रिकेट खेल मैदानमा शुरू हुने प्रतियोगिताको आयोजना उत्तरपूर्वी क्रिकेट विकास परिषदको नेतृत्वा भइरहेछ। परिषदअन्तर्गत रहेका अरूणाचल प्रदेश, मनिपुर, मेघालय, मिजोरम समावेश रहेको प्रतियोगितामा सिक्किम राज्यले समूह खबाट खेल्नेछ। प्रत्येक दलबाट उत्कृष्ट दुई टोलीलाई छनोट गरिने खेलको सेमिफाइनल दश अप्रेल अनि फाइनल बाह अप्रेलमा खेलाइनेछ।
मेघालयको रि-बोई-मा सम्पन्न प्रतियोगिताको उदघाटनीय संस्करणमा सिक्किम र नागाल्याण्ड संयुक्त रूपमा विजयी बनेका थिए।
संगठनका अध्यक्ष टिका सुब्बाले प्रतियोगिताको दोस्रो संस्करण आयोजन गर्न पाएकोमा गर्व व्यक्त गर्दै भन्नुभयो, यसले क्षेत्रीय सौहार्दताको भावनालाई दहिलो बनाउनका साथै उत्तरपूर्वमा महिला क्रिकेटको विकास गर्ने सामूहिक दृष्टिकोणलाई पनि अघि बढ़ाउनेछ।

---------------------------------------X---------------------------------------

- **Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान चौध दशमलौ तीन डिग्री सेल्सियस र अधिकतम एक्काइस दशमलौ सात डिग्री सेल्सियस रेकार्ड गरियो।
भोली अधिकतम तापमान बाहीस र न्यूनतम चौध डिग्री सेल्सियल रहनेछ।

---------------------------------------X---------------------------------------